दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २७६ | बुटवल | २०८२ असोज २६ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday October 12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**मुटुलाई माया गरौं।**

मुटुलाई स्वस्थ राख्नः
-नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
-नुनिलो, चिल्लो र गुलियो कम खाऔं,
-सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
-धूम्रपान र मद्यपान नगरौं,
-ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं।
-पर्याप्त मात्रामा सुतौं,
-सक्रिय जीवनशैली अवलम्बन गरौं,
मुटुको नियमित परीक्षण गरौं।

नेपाल सरकार विज्ञापन बोर्ड

# जेनजी विद्रोहको आह्वान : दलहरू चुनावमा जाऊ

**यदि दलहरूले चुनावमा जाने म्यान्डेट अस्वीकार गरे वा परिवर्तनको बाटो रोके देश अस्थिरता र मुठभेडतर्फ धकेलिने चेतावनी दिँदै त्यससतर्फ सजग रहन जेनजी विद्रोहले अनुरोध गरेको छ।**



**जेन-जी विद्रोहका तर्फबाट सम्पूर्ण राजनीतिक दललाई आह्वान**

यही भाद्र २३ र २४ मा भएको जेन-जी विद्रोहको एक महिना पूरा भइसकेको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएर विद्रोहकै म्यान्डेटका बलमा सम्माननीय पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेपाल सरकारको प्रधानमन्त्रीमा नियुक्त हुनुभएको छ । जेन-जी विद्रोहकै म्यान्डेट अनुसार तत्कालीन प्रतिनिधि सभा समेत विघटन भई नयाँ प्रतिनिधि सभाको निर्वाचन यही फागुन २१ गते हुने गरी तोकिएको छ । निर्वाचनमा जेन-जी सहभागिता सुनिश्चित गर्नका लागि निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन गरिरहेको छ । निर्वाचन आयोगले निर्वाचन कार्यतालिका समेत सार्वजनिक गरिसकेको छ । उक्त कार्यको स्वागत गर्दै स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्नका लागि नेपाल सरकार र निर्वाचन आयोग सक्षम छ भन्ने हाम्रो बुझाइ छ ।

हामी बहुदलीय लोकतान्त्रिक व्यवस्थाका पक्षधर हौं । विभिन्न राजनीतिक दलहरूले निर्वाचनमार्फत् सार्वभौम जनताबाट म्यान्डेट लिनु हाम्रो प्रणालीको सुन्दर पक्ष हो । यही नै लोकतन्त्रको आत्मा हो । तर, विगतका संसद् र सरकारहरूले जनताको आस्था गुमाए । परिवर्तनको आकाङ्क्षा बोकेका पुस्ताको आवाजलाई बेवास्ता गरियो । संसद्मा उपस्थित नेताहरूले इच्छा आकाङ्क्षा अनुसारको दिशामा अग्रसर हुने कुनै व्यवहारिक इच्छाशक्ति देखाएनन् । यही कारणले जेन-जी विद्रोह अपरिहार्य बन्यो । अहिलेको अवस्थामा नयाँ म्यान्डेटका लागि निर्वाचनमा जानु हाम्रो साझा राजनीतिक यात्राको अनिवार्य चरण हो ।

लोकतन्त्र निरन्तर सुधार र पुनर्जीवनको प्रक्रिया हो । जनताको असन्तोष, युवापुस्ताको विद्रोह र परिवर्तनको मागलाई संस्थागत रूप दिन सक्नु लोकतन्त्रकै सफलता हो । त्यसैले, हामी सम्पूर्ण राजनीतिक दलहरूलाई आगामी निर्वाचनलाई प्रतिस्पर्धा र अवसरको रूपमा लिन आग्रह गर्दछौं । आफ्ना विचार, दृष्टि र कार्यनीतिहरूका माध्यमबाट जनतासमक्ष आउनुहोस् । निर्वाचन जनताको निर्णायक मञ्च हो । निर्वाचनबाटै पुराना गल्तीहरूको आत्मसमीक्षा र नयाँ प्रतिबद्धताको प्रस्तुति सम्भव हुन्छ ।

जेन-जी विद्रोहले कुनै दललाई अस्वीकार गरेको होइन, छैन । यस विद्रोहले दलभित्र विकसित भइरहेको जनताको आवाज बेवास्ता गर्ने प्रवृत्तिलाई अस्वीकार गरेको हो । हामी राजनीतिक दलहरूलाई वैचारिक प्रतिस्पर्धा र जनसेवामूलक प्रतिस्पर्धाको बाटोमा फर्किन आग्रह गर्दछौं । निर्वाचन केवल सत्ता हस्तान्तरणको प्रक्रिया होइन । राजनीतिक दलका लागि यो नयाँ पुस्तासँग सम्झौता गर्ने अवसर हो । जनताको विश्वास पुनः प्राप्त गर्ने माध्यम हो । साथै, देशको राजनीतिक दिशा पुनर्संरचना गर्ने क्षण पनि हो ।

**लुम्बिनी संवाददाता**
*बुटवल*

जेनजी विद्रोहले सबै राजनीतिक दललाई आगामी फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा सक्रिय सहभागिताको लागि आह्वान गरेको छ। परिवर्तनको म्यान्डेट जनताको हातमा सुम्पिने ऐतिहासिक घडीमा सम्पूर्ण राजनीतिक दल, राजनीतिक शक्ति, नागरिक समाज, जेन-जी साथीहरू, युवा पुस्ता एवम् सम्पूर्ण नेपाली नागरिकहरूमा निर्वाचनमा लाग्न अपिल गरिएको छ।

रक्षा बम, प्रदिप ज्ञवाली, युजन राजभण्डारी, मनिष खनाललगायतका जेनजी अभियन्ता रहेको जेनजी विद्रोहले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै अपिलमा भनिएको छ-'अब आवश्यक कुरा विद्रोहको आवेग होइन। न त विद्रोहलाई गिज्याउने शैली नै हो। आजको आवश्यकता यस विद्रोहको सत्यलाई संस्थागत रूप दिने विवेकको हो। इतिहासले अहिलेका राजनीतिक दलहरूलाई एउटा गम्भीर मोडमा उभ्याएको छ। या त जनताको विश्वास पुनःआर्जन गर्ने साहस देखाउनुहोस्। या फेरि इतिहासको परित्यक्त पानामा हराउन तयार रहनुहोस्।'

नेपाल नयाँ युगको प्रवेशद्वारमा उभिएको विज्ञप्तिमा उल्लेख छ। 'अब पाखा पल्टिने होइन, मार्ग तय गर्ने समय आएको छ। यही प्रक्रिया हाम्रो लोकतान्त्रिक निरन्तरताको आधार हो। यही बाटो विद्रोहको औचित्यलाई संस्थागत बनाउने माध्यम हो। अब चुनावमा जानु राष्ट्रको साझा राजनीतिक जिम्मेवारी हो। इतिहाससँगको हाम्रो प्रतिबद्धताको निर्णायक परीक्षा हो।'-विज्ञप्तिमा भनिएको छ।

जेनजी विद्रोहको दबाबमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनेकी छन्। सोही म्यान्डेटले प्रतिनिधिसभा विघटन भई नयाँ निर्वाचनको मिति तोकिएको छ। त्यसैले निर्वाचन प्रक्रियामा सहभागी हुन जेनजी विद्रोहले आग्रह गरेको हो।

निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन र कार्यतालिका सार्वजनिक गरिसकेको अवस्थामा जेनजीले स्वतन्त्र र शान्तिपूर्ण निर्वाचनका लागि सरकार र आयोगमाथि भरोसा राख्दै दलहरूलाई जनताको म्यान्डेटअनुसार चुनावमा भाग लिन चुनौती दिएको छ।

विगतमा संसद् र सरकारले जनताको विश्वास गुमाएको, युवा पुस्ताको परिवर्तनको माग बेवास्ता गरेको भन्दै विद्रोहले यस्ता प्रवृत्तिलाई खारेज गरेको ठहर गरेको छ।

'हामी कुनै दलविरुद्ध होइनौं, जनताको आवाज दबाउने प्रवृत्तिविरुद्ध लड्छौं।'- जेनजीको विद्रोहको विज्ञप्तिमा उल्लेख छ।

दलहरूलाई वैचारिक प्रतिस्पर्धा र जनसेवामा फर्कन आग्रह गर्दै निर्वाचनलाई जनताको विश्वास जित्ने अवसरका रूपमा लिन भनिएको छ।

यदि दलहरूले चुनावमा जाने म्यान्डेट अस्वीकार गरे वा परिवर्तनको बाटो रोके देश अस्थिरता र मुठभेडतर्फ धकेलिने चेतावनी दिँदै त्यसतर्फ सजग रहन जेनजी विद्रोहले अनुरोध गरेको छ।

## राष्ट्रपति पौडेलको स्वास्थ्यमा सुधार

बुटवल। राष्ट्रपति रामचन्द्र पौडेलको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ।

स्वास्थ्यमा समस्या आएपछि राष्ट्रपति पौडेल शनिबार बिहान महाराजगञ्जस्थित मनमोहन कार्डियोथरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा भर्ना भएका थिए।

अहिले उनको स्वास्थ्य परीक्षण भइरहेको अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. रत्नमणि गजुरेलले विज्ञप्तिमार्फत् जानकारी गराएका छन्। 'हाल सम्माननीयज्यूको स्वास्थ्य परीक्षण भइरहेको छ,' जारी विज्ञप्तिमा भनिएको छ-'उहाँको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी गराउँछौं।'

शनिबार बिहान जेनजी आन्दोलनका प्रतिनिधिहरूसँग राष्ट्रपति कार्यालयमा वार्ता राखिएको थियो। तर, वार्ताअघि नै राष्ट्रपति पौडेल अस्वस्थ भएपछि अस्पताल लगिएको हो। जेनजीसँगको अर्को वार्ता आगामी सोमबार हुने बताइएको छ।

## जेनजी रूपन्देहीको नेतृत्व चुन्न २८ गते भेला

बुटवल। जेनजी रुपन्देही नेतृत्व समिति गठन गर्न असोज २८ गते तिलोत्तमा-१३ को बभनीमा भेला आयोजना गरिएको छ।

जेनजी अगुवाहरु राजु श्रेष्ठ, सुरज पोखरेल र योगराज क्षेत्रीलगायतको बैठकले जेनजी रुपन्देहीको संगठन निर्माण, आगामी कार्यदिशा र संरचनासम्बन्धी विभिन्न प्रस्ताव पारित गर्दै जेनजी रुपन्देहीको आधिकारिक नेतृत्व समिति गठन गर्न औपचारिक प्रकृया सुरु गर्ने निर्णय गरेको हो।

जेनजी रुपन्देहीको नेतृत्व समिति गठनका लागि बोलाइएको भेलामा सदस्य बन्न विभिन्न मापदण्ड तोकिएको छ। जसमा १८ वर्ष उमेर पुगेको रुपन्देहीवासी हुनुपर्ने, नागरिकताको मूल प्रमाणपत्र पेश गर्नुपर्ने, सामाजिक कामहरु गरेको प्रमाण पेश गर्नुपर्ने, व्यक्तिगत धारणा र दृष्टिकोण राख्नुपर्ने र औपचारिक पोशाकमा उपस्थित हुनुपर्ने मापदण्ड तय गरिएको जेन जी अगुवा सुरज पोखरेलले जानकारी दिए। भेला न्यू राइज युथ क्लबको हल तिलोत्तमा १३ बभनीमा बिहान १० बजे सुरु हुने उनले बताए। उक्त दिन गठन हुने समितिले आगामी नेतृत्व चयनसँगै नीतिगत दिशा, क्रियाकलाप संयोजन गर्ने मूल निकायका रुपमा रहनेछ।

## युवामैत्री कांग्रेस बनाउन माग गर्दै पार्टी कार्यालयमा धर्ना



बुटवल। नेपाली कांग्रेसको विद्यार्थी संगठन नेपाल विद्यार्थी संघले युवामैत्री कांग्रेस निर्माण गर्न माग गर्दै पार्टी कार्यालयमा धर्ना दिएका छन्।

शनिबार बिहान पार्टी केन्द्रीय कार्यालय सानेपामा नेविसंघका केही सदस्यहरूले युवामैत्री कांग्रेसको माग गर्दै धर्ना दिएका हुन्।

उनीहरूले पार्टी एकता आजको आवश्यकता, हरेक पदमा ४० प्रतिशत युवा सुनिश्चित गर, परिमार्जन बिनाको महाधिवेशन अमान्य, नेपाली कांग्रेसको विधान परिवर्तन गर, युवालाई क्रियाशिल विधान संशोधन अनि मात्र अधिवेशन, कि सरकार कि पार्टी, एक व्यक्ति एक पदलगायतका प्लेकार्ड बोकेर प्रदर्शन गरेका हुन्।

धर्ना कार्यक्रममा बोल्दै नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य आकाश उप्रेतीले पार्टी कार्यालयमा युवा उमेर समूहका व्यक्तिहरले पदाधिकारी र कार्य सम्पादन बैठकको पूर्वसन्ध्यामा पार्टीले लिने दिशा र युवाको भूमिकाबाट पार्टीसम्म आफूहरूको धारणा पुगोस् भनेर धर्ना दिएको बताए।

पार्टीमा युवाहरूको क्रियाशिल सदस्यहरूको संख्या ३० प्रतिशतसम्म पुर्‍याउनुपर्ने माग उनले गरे।

युवामैत्री, चलायमा युवा संगठनका लागि विधान संशोधन अनिवार्य रहेको उनीहरूको भनाइ छ।

सबै तहका निर्वाचनहरूमा कम्तिमा ४० प्रतिशत युवाहरूलाई पार्टीको आधिकारिक रुपमा अघि बढाउनुपर्ने व्यवस्था विधानमै उल्लेख गर्नुपर्ने माग राखेका छन्।

जेनजी आन्दोलनपश्चात् नेपाली कांग्रेसले आम युवाको विचारलाई पार्टी संगठनमा अटाउने, आम युवाको लागि कांग्रेस खुला छ भन्ने सन्देश दिन सक्नुपर्ने पनि उनले बताए।

विधानमा व्यवस्था भएका सबै तहका प्रतिनिधिमूलक पदहरू, सबै तहका समिति, संसदीय समिति, पार्टीकोविभागमा अनिवार्य रुपमा ४० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चित हुनेगरी विधान संशोधन गर्नुपर्ने माग पनि राखेका छन्।

## केन्द्रीय समिति तत्काल विघटन गर : शशांक



बुटवल। नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले केन्द्रीय कार्य समिति तत्काल विघटन गर्न पार्टी सभापति शेरबहादुर देउवालाई आग्रह गरेका छन्।

शनिबार पार्टी मुख्यालय सानेपामा सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफ दिने क्रममा उनले सभापति देउवालाई कार्यबाहक सभापतिको जिम्मेवारी तोक्न पनि सुझाव दिए।

नेता कोइरालाले आगामी मंसिरमा पार्टीको नियमित महाधिवेशन गर्नुपर्ने भएकाले देउवाले कार्यवाहक सभापतिको जिम्मेवारी अरुलाई दिएर महाधिवेशनको मिति तय गर्ने वातावरण बनाउनुपर्ने बताए। मंसिरसम्ममा पार्टीको नियमित महाधिवेशनको मिति तय हुने विश्वास समेत व्यक्त गरे।

'विशेष महाधिवेशन होइन कि नियमित महाधिवेशन गर्नुपर्छ। मैले शेरबहादुरजीलाई भने-यो मेरो व्यक्तिगत विचार हो। मैले उहाँलाई के भने भने तपाईं विघटन गर्नुस्,' उनले भने-'एक जनालाई कार्यबाहक सभापति दिनुस्। उनले गठन गर्दछन्। र उनले मिति तय गर्दछन्। मलाई लाग्दछ-मंसिरसम्ममा मिति तय होला भन्ने मेरो भावना हो।'



## सम्पादकीय

# सकारात्मक पहलकदमी

अन्तरिम सरकारले फागुन २१ गते प्रतिनिधिसभाको चुनाव गर्ने घोषणा गरेपछि चुनाव हुन्छ कि हुँदैन भन्ने संशय छ । यद्यपी फागुन २१ गते चुनाव हुन्छ र जसरी पनि गराउनुपर्छ भन्ने धारणा प्रधानमन्त्री सुशीला कार्कीले राख्दै आएकी छिन् । एकातिर फागुन २१ मा चुनाव गराउने तयारी र अर्कोतिर चुनावका लागि आवश्यक प्रमुख राजनैतिक दलसँगको संवादहिनताले चुनाव हुँदैन भन्ने संशयलाई बल पुऱ्याइरहेका बेला राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीसहित प्रमुख राजनैतिक दलसँग संवाद गरेका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले चुनावका लागि दलहरुलाई तयारी थाल्न आग्रह मात्रै गरेनन्, सरकार र दलहरुबिचको संवादहिनता पनि तोडाएर संवादको ढोका खोलेका छन् । चुनाव नगर्दाको जोखिम झनै बढ्ने र मुलुकमा राजनैतिक संकट चुलिदै जाँदा समस्या बढ्ने भएकाले राष्ट्रपति रामचन्द्र पौडेलले लिएको पहलकदमी स्वागतयोग्य छ । चुनाव गरेर लोकतान्त्रिक प्रणालीलाई लयमा ल्याउने राष्ट्रपतिको चाहना खुलस्त छ । जेनजी आन्दोलन र त्यसपछिको विध्वंशपछि अन्तरिम सरकारको गठन भयो । अन्तरिम सरकारले चुनावको मिति घोषणा गऱ्यो । घोषित मितिमा चुनाव गर्नका लागि दलहरुसँग संवाद अनिवार्य शर्त हो । चुनावको लागि अग्रसर सरकारले प्रमुख दलहरुसँग संवादलाई बेवास्ता गर्नुको अर्थ के हो ? दलहरुलाई बेवास्ता गरेर चुनावलाई सफल बनाउन सकिन्छ ? बहुदलीय व्यवस्थामा दलहरुलाई बेवास्ता गरेर कस्तो खालको चुनाव गर्न खोजिएको हो ? यी प्रश्नबाट भागेर हिंड्न प्रधानमन्त्री सुशीला कार्की मिल्दैन । प्रधानमन्त्रीले दलहरुलाई बेवास्ता गरिरहेको र चुनावप्रति संशय उत्पन्न भएपछि राष्ट्रपतिले संशयलाई तोड्ने जमर्कोले चुलिएको अविश्वासको खाडल पुरिने सम्भावना बढेको छ ।

बहुदलीय लोकतान्त्रिक व्यवस्थामा दलहरु बिना चुनाव सफल हुन सक्तैन् । यो व्यवस्थाका दलहरु महत्वपूर्ण खम्बा हुन् । उनीहरुको सार्थक सहभागिताबाट नै चुनाव सफल हुन्छ । दलहरुको सार्थक सहभागिता बिना हुने चुनाव केबल औपचारिकताका लागि हो, यस्तो चुनावलाई आन्तरिक रूपमा अपनत्व त हुँदैन, अन्तर्राष्ट्रिय मान्यता पाउन पनि कठिन हुनेछ । अविश्वास र आंशका चुलिदै जाने तथा दलहरु चुनावमा भाग नलिने अवस्था आए त्यो चुनाव अर्थहिन हुनेछ, चुनावलाई सार्थक बनाउन सक्दा सरकारको पनि सफलता ठहरिन्छ । अन्तरिम सरकारको प्रमुख कार्यभार चुनाव भएकाले प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो सफलताका लागि पनि चुनावमा दलहरुको सार्थक सहभागिता सुनिश्चित गर्नुपर्छ । राष्ट्रपतिले थालेको संवाद अब प्रधानमन्त्रीले निरन्तरता दिँदा अझै राम्रो हुनेछ ।

# सार्वजनिक नैतिकताको प्रश्न




नैतिकता सामाजिक मूल्यको सिद्धान्त हो । नैतिकतामा एकरूपता नहुनु वर्तमान समयको मूल समस्या हो । नेपालको समाज आज अभूतपूर्व सङ्कटको घेरामा छ । यो सङ्कट राजनीति, अर्थतन्त्र वा वातावरणको मात्र होइन, यो नैतिकताको गहिरो क्षयको सङ्कट हो । जसको कारण नेपाली झन्डा काँधमा बेरेर सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवनलगायत राष्ट्रका महत्वपूर्ण अड्डा अदालत अग्नि दहनले खरानी बने । नेपाल जस्तो विविधतापूर्ण र आध्यात्मिक मुलुकमा आज नैतिक पतनको त्रासदी चरममा पुगेको देखिन्छ । यो सङ्कट केवल राजनीतिक, आर्थिक वा सांस्कृतिक होइन । यो मानवीय मूल्य र नैतिक चरित्रको क्षयको सङ्कट हो ।

नयाँ सन्दर्भमा नैतिकताको पुनर्व्याख्या आवश्यक छ । नैतिकतालाई आ-आफ्नो अनुकूलतामा परिभाषित गरिन्छ, नैतिकता स्खलनको आरोप नखेप्ने मान्छे कमै छन् । इमानदार हुनु भनेको कमजोर बन्नु झैं भएको छ । निर्धन हुनुलाई नालायक सम्झिन थालिएको छ । धन प्राप्तिको मार्गमा बहस छैन, तर धनलाई इज्जत गरिन्छ । त्यसको धन इज्जतको हुन्छ जसले नीति र निष्ठा नियम र कानुनको मातहत स्वाभाविक धन आर्जन गरेको होस् ।

कुनै पनि मानक बन्ने क्रममा त्यहाँ लामो समय अभ्यास भएको धर्म, परम्परा, संस्कृति, विज्ञान र कानुनको प्रत्यक्ष अप्रत्यक्ष निगरानी र साझेदारी रहेको हुन्छ । समाजको आफ्नो छुट्टै मानक, नैतिकता, सामाजिक समझ र व्यवहार हुन्छ । सामाजिक व्यवहारको आलोकमा नैतिकता निसृत हुन्छ । नैतिकता सामयिक पनि हुन्छ । विगतमा नैतिक लाग्ने विषय आज अनैतिक र अवैधानिक बनेका हुन्छन्, त्यसैले सामयिक नैतिकताको पुनरुत्पादन हुनु जरुरी छ ।

**भौतिक मूल्य र नैतिक मूल्य**

नैतिकता त्यस्तो चिज, व्यवहार र आदर्श हो, जसले भौतिक मूल्यलाई कहिल्यै प्राथमिकीकरण गर्दैन । नैतिक मूल्य र उचाइ अङ्क गणितीय जोड घटाउमा भेटिन्न नैतिक देखिने पनि विकेका र चुकेका पाइन्छन् । लोभ र मोहमा फसेका देखिन्छन् । सार्वभौम नैतिकताले बाटो बिराएको देखिन्छ, अतः नैतिकताको पनि पुनरवलोकन, पुनर्व्याख्या र पुनर्पुष्टि आवश्यक छ । कुनै पनि विषयको औचित्य त्यतिबेलासम्म रहन्छ जतिबेलासम्म उसले आफ्नो प्राकृत स्वभाव गुमाउँदैन । ऊ अप्रशंसनीय बन्छ । जब ऊ आफ्नो धर्मबाट विचलनमा पुग्छ तब उसको बारेमा पूर्व मान्यता, दर्शन र मानकबारे सोचमग्न बन्ने स्थिति पैदा हुन्छ ।

हाम्रो समाजमा प्राचीनकालदेखि स्थापित नैतिक मूल्यमा गिरावट आएको छ । कतिपय अवस्थामा पुरानो अभ्यास र मानक भत्काउने स्वाभाविक प्रक्रिया हुन्छन् । तिनलाई भत्काएर नवनिर्माणको खाँचो हुन्छ कति अस्वाभाविक रूपमा स्खलनमा जाने हुनाले नव मान्यता स्थापित गर्न विहङ्गम विमर्श चलाउनु सामयिक हुन्छ । जसका लागि समाजमा अभ्यास गरिएको धार्मिक कानुन, त्यसले पारेका प्रभाव र समाजमा छोडेको अमिट छाप, मनोविज्ञान र विश्वासबारे तथ्यमा पुग्ने यत्न गर्नु पर्छ ।

**संविधानको हक**

नागरिकलाई दिने अधिकार संविधानमा फर्जी बनेर बस्यो । मान्छेलाई जातको ट्याग भिराएर अछुत बनाइयो । व्यवहारमा छुवाछुत र भेदभाव हटेन भनेर गुनासो गर्ने नागरिकलाई समानता र अधिकार संविधानमा छ भनेर सरकार गैरजिम्मेवार बन्छ । नागरिक अधिकार खोज्ने तर कर्तव्य बिर्सने बन्यो । विचलन, अवसाद, विसर्जन, वियोग, नैतिकताको क्रयविक्रय, क्षति र घाटालाई उकासेर नैतिकता र धर्मको पुनः परिभाषा अपरिहार्य भएकाले नैतिकताको पुनर्व्याख्या जरुरी भनिएको हो ।

समाज सधैँ अवैज्ञानिक र परम्परागत तवरले चल्न सक्दैन । नूतन संस्कृति र संस्कारको थालनी गर्नु पर्छ । पूर्वीय दर्शनले प्रतिपादन गरेका विराट मूल्य र अस्तित्व जोगाउन पनि यसको कमजोरी सुधार गरेर आगामी पाइला चाल्नु पर्छ । नेपालले पनि हिन्दु धर्म र यसको विराट दर्शन, सौन्दर्य र ज्ञानको अथाह भण्डार बचाइराख्न यहाँ अभ्यास गरिएका जातीय छुवाछुत र विभेदजन्य संस्कार, संस्कृति र परम्परालाई जरैदेखि उन्मूलन गर्न अभियान चलाउन जति ढिला गऱ्यो, नोक्सानी त्यति नै बढ्ने छ ।

हिन्दु धर्मको अभ्यास गर्नेहरूमा जातीय छुवाछुत छैन भनेर सफेद झुट बोल्ने र ढाकछोप गर्ने, टालटुल पार्ने काम आत्मघाती बन्ने छ र मानवताविरुद्धको अपराध र मानवीय सभ्यतामाथिको भद्दा मजाक हुने छ । कमजोरी हटाएर यसको मूल्यबोध गर्न जति ढिला गऱ्यो, उति हिन्दु धर्म सङ्कुचनमा परेर सङ्कटोन्मुख हुने पक्का छ । एउटा धर्म दर्शनको विलुप्ति उसकै कारण होला तर उसको उपस्थितिमा, उसकै दार्शनिक मान्यताले मान्छेको बाँच्न पाउने हक खोसिनु किमार्थ स्वीकार्य हुन्न ।

समस्या छन् भने तिनको निदान पनि छ । ज्ञान विज्ञानको युगमा अन्धविश्वास र अन्ध तर्कलाई विस्थापित गर्दै धर्म, दर्शन र संस्कृतिले अँगालेका मानवहितकारी तत्वको आत्मसात् र अमानवीय रूढिग्रस्त विचारलाई तिलाञ्जली दिएर समयको रथलाई आफू अनुकूल बनाउनु पर्छ । धर्म र अप्रमाणिक भनेर सबै कुरा त्याज्य र विस्मृतिमा लैजान लायक छैनन् । मानवीय गुण र भावनाले ओतप्रोत दर्शन पनि छन् ।

दर्शन, विचार, संस्कृति र परम्परा नभएको समाज र मान्छे हुँदैन । असल पक्षको प्रवर्धन गर्दै खराबलाई त्याग्ने नवसंस्कृति बसाल्न देशका प्राज्ञिक, बौद्धिक र प्रबुद्ध वर्गले धर्म नैतिकताको पुनर्व्याख्याको अभियानमा आफूलाई समाहित गर्दै लैजानु पर्छ । सर्वस्वीकार्य नैतिकताको भाष्य त संसारमा कहीँ कतै नहोला तर अधिक स्वीकार्य मान्यताको वैचारिक बहसमा गर्नु पर्छ । सत्यलाई दृष्टिगोचर गर्ने तरिकालाई फराकिलो बनाउनु पर्छ । कुनै कालखण्डमा स्वार्थवश र अन्जानवश धर्म दर्शन विशेष गरी वेदको व्याख्या गरिँदा आएका विकृत कुरा महिला र शुद्रको नाममा हुने विभेदजन्य पक्षलाई सच्याउने र हिन्दु धर्मले विभेद गर्दैन भन्ने नीति मीमांसालाई पालन गर्दै मार्ग तय गर्न सकिएन भने भयङ्कर दुर्घटना निम्तिने खतराबाट सम्बद्ध पक्ष सरोकारवाला सचेत रहनु पर्छ ।

**विनिर्माणको अवसर**

अग्नि (आगो) नै सत्यको उद्घाटन गर्ने उच्चतम शिक्षक भनेर परिचय गराउने सर्वप्राचीन ऋग्वेद पक्कै सामान्य विद्या र लहडी लेखन मात्र होइन । वेदभित्र के छैन कति गहन जीवन, दर्शन र नीति नियमको विज्ञान छ । कति काल्पनिक र भविष्य द्रष्टा विचार छ । स्वामी प्रपन्नाचार्यले उसै 'वेदमा के छ' लेखेका होइनन् ? त्यसै गरी वेदभित्र त्याज्य प्रसङ्ग पनि छन् । वेदलाई आजको युग चेतनाले अपौरुषेय मान्दैन । वेद, पुराण, महाभारत जस्ता कृति मानवलिखित साहित्य, धर्म र दर्शन हुन् । यिनको गुदी ग्रहण गर्ने र बाँकी प्राचीन सभ्यता र इतिहास साहित्य र तत्कालीन चेतना भनेर मात्रै बुझ्ने बुझाउने गरियो भने यसबाट उत्पन्न हुने विवाद र झन्झटमा फसेर अलमल परेर बस्नु पर्दैन । वेद ज्ञानको अथाह भण्डार हो । यद्यपि यसको व्याख्या विश्लेषण र आजको चेतनाबाट हेर्दा कतिपय प्रसङ्ग निन्दायोग्य छन् ।

करिब ३५ सय वर्षअघि लेखिएको ग्रन्थलाई आजको चेतना र चस्माले हेर्नु वाञ्छनीय हुन्न । यसको आफ्नै सामाजिक मूल्य र नैतिक धरातल दार्शनिक मत रहेको छ । यद्यपि पुरानो हुनेबित्तिकै यो समग्रमा सही, धर्ममा आधारित भएको कारण अप्रश्नीय छ र हो भन्ने चिन्तन विल्कुल गलत हो । अतीतमा जे सही र मानक मूल्य हुन्थ्यो सो आज हुन, नहुन सक्छ त्यसैले मूल्याङ्कन, पुनर्मूल्याङ्कन, पुनरावलोकन, पुनर्ताजगी विज्ञानको नियम र गति हो ।

जतिसुकै प्राचीन सिद्धान्त र मान्यता भए पनि (सामयिक) अहिलेको युग विज्ञान र परिवेश सुहाउँदो बन्न सकेन भने त्यसको मृत्यु अवश्यमभावी छ । मानव निर्मित शास्त्रबारे मानवले प्रश्न गर्ने पुनर्पठन गर्ने अधिकार राख्छ । जीवनका जटिलतालाई ज्ञानको मार्ग र दर्शनद्वारा निरूपण गर्न सकिन्छ भन्ने तेजस्वी मन्त्रलाई पालना गर्ने हो भने कुनै पनि कुराको परिमार्जन शास्त्रसम्मत नै मान्न सकिन्छ । आफैँले आफैँलाई चिन्नु, चिनाउनु पूर्वीय दर्शनको मूल स्थापना भएकाले कुनै पनि मृत धारणा बोकेर कुद्नु पनि यस धर्मको मर्मविपरीत हुन जान्छ भन्ने तथ्य र तर्क यसका अनुयायीहरूले बुझ्नु पर्छ । दर्शन बुद्धि तत्व र ज्ञानको विषय भएकाले तत्वको साक्षात्कार र अनुभूति दर्शनको ध्येय हो ।

पौरस्त्य दर्शनशास्त्रअनुसार आध्यात्मिक अनुभूतिबाट तत्व ज्ञान सम्भव छ सो अनुभूतिलाई उद्देश्यमूलक बनाउने विषय अहिलेको प्रमुख चुनौती र अवसर हो । पुनर्व्याख्या कुनै धर्मको विरोध होइन, त्यो धर्मलाई समयसँग सुसङ्गत बनाउने प्रक्रिया हो । कुनै पनि कुराको पुनरवलोकन अमृतमय अवसर पनि हो ।

**आचरणमा नैतिकता**

धर्म वस्तुको प्राकृतिक गुण हो । धर्मसँग नैतिकता जोडिएर आउँछ । नैतिकता भौतिक मूल्य नभएको उच्चतम अभ्यास, संस्कार र आदर्श गुण हो । अनैतिक र विरोधाभासको अनुहार अनेकथरी हुन्छ । नैतिकता अवलम्बन गरिने विषय हो । नैतिकताको दोहोरो मापदण्ड हुनुहुन्न ।

नैतिकता मानवीय मूल्यहरूको त्यस्तो व्यवस्था हो जसले हाम्रो व्यवहार सुधार्ने र जीवनमा खुसी भित्र्याउने तागत राख्छ । लोकतन्त्र र गणतन्त्रलाई नैतिकता नभएको चिज भनेर जसरी आज बदनाम र अस्वीकृत गरिँदै छ, लोकतन्त्रले प्रार्थना, विनयशीलता र कृतज्ञता गुमाउँदै गएको देखिन्छ । यस्तो समाज अराजक र अनुशासनहीन बन्दै जान्छ । विवेक आवेगको नियन्त्रणबाट खोस्न पनि नैतिक शिक्षालय खोल्नु र चलाउनु नैतिक आरन बनाउन र अर्जाप्न पाइन राख्नु पर्छ । विचार सिद्धान्त दर्शन र दिग्दर्शन कुनै पनि कुराको हामीमा कमी छैन । ज्ञान र विज्ञानको युगमा लापर्बाह, अराजक, गैरजिम्मेवार अनि असन्तुष्ट र खतरनाक भएर आफैँलाई सिध्याउने छुट हुँदैन ।

**अब के गरौँ ?**

नैतिकता अब उपदेशको विषय मात्र होइन, व्यवहार र नीतिको अविभाज्य हिस्सा बन्नु पर्छ । राजनीतिक दल, धर्मगुरु, शिक्षाविद्, नीति निर्माता सबैले आ-आफ्नो क्षेत्रबाट नयाँ नैतिक ढाँचा निर्माणमा हात हाल्नु पर्छ । नयाँ पुस्तालाई प्रविधिसँगै नैतिक चिन्तन, विवेक र उत्तरदायित्व सिकाउनु पर्छ । गोपबाट

## स्वस्थ र सन्तुलित घरको भोजनः

# मल्टिभिटामिन र प्रोटिन पाउडरको आवश्यकता छ ?

आजकाल धेरै मानिसहरू मल्टिभिटामिन ट्याब्लेट र प्रोटिन पाउडरको प्रयोग गर्छन्, यो विश्वास गर्दै कि यी सप्लिमेन्टले स्वास्थ्य रक्षा गर्छ र कुपोषणबाट बचाउँछ । तर, यदि तपाईं नियमित रूपमा घरमै पकाइएको सन्तुलित भोजन खानुहुन्छ, जसमा ताजा फलफूल, सागसब्जी, साबुत अन्न, दाल, दूधजन्य पदार्थ, अण्डा, वा अन्य प्रोटिनयुक्त खाना समावेश छ भने, यस्ता सप्लिमेन्टहरूको आवश्यकता नपर्न सक्छ । घरमै तयार गरिएको पौष्टिक भोजनले शरीरलाई आवश्यक पर्ने सबै प्रमुख पोषक तत्वहरू–जस्तै भिटामिन, खनिज, प्रोटिन, कार्बोहाइड्रेट, र फाइबर–प्राकृतिक रूपमा प्रदान गर्छ ।

उदाहरणका लागि, कागती वा सुन्तलाबाट भिटामिन C, गाजरबाट भिटामिन A (बीटा केरोटिन), सागपातबाट फलाम, दूधबाट क्याल्सियम, र दाल वा अण्डाबाट उच्च गुणस्तरको प्रोटिन प्राप्त हुन्छ । सप्लिमेन्टमा पाइने पोषक तत्वको तुलनामा प्राकृतिक खानाबाट प्राप्त पोषक तत्वहरू शरीरले सजिलै अवशोषण गर्छ । साथै, घरको खानामा पाइने फाइबर र एन्टिअक्सिडेन्टजस्ता तत्वहरू सप्लिमेन्टमा हुँदैनन्, तर यी स्वास्थ्यका लागि अत्यन्त लाभकारी हुन्छन्।चिकित्सकीय सल्लाहबिना सप्लिमेन्टको अत्यधिक सेवनले स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ ।



जस्तै, अत्यधिक भिटामिन A ले विषाक्तता (टक्सिसिटी) निम्त्याउन सक्छ, प्रोटिन पाउडरको अधिक प्रयोगले मिर्गौलामा समस्या ल्याउन सक्छ, र केही सप्लिमेन्टमा भारी धातु, कृत्रिम रसायन, वा अत्यधिक चिनी मिसिएको हुन सक्छ।विश्व स्वास्थ्य संगठन (WHO) र भारतीय चिकित्सा अनुसन्धान परिषद् (ICMR) जस्ता संस्थाहरूका अनुसार, मल्टिभिटामिन वा प्रोटिन सप्लिमेन्टहरू निम्न अवस्थामा मात्र आवश्यक हुन्छन्ः

कुपोषण वा कुनै पोषक तत्वको कमी देखिएमा,

विशेष अवस्थामा (जस्तै गर्भावस्था, स्तनपान, वा रोगपछिको पुनर्स्थापना)

पोषणको आवश्यकता बढी भएमा,

पाचनसम्बन्धी समस्या (जस्तै सिलियाक रोग, IBS आदि) भएमा ।

सामान्य अवस्थामा, यदि तपाईं ताजा फलफूल, मौसमी तरकारी, परम्परागत अन्न, दाल, दूध, र सन्तुलित घरेलु भोजन नियमित खानुहुन्छ भने, सप्लिमेन्टको आवश्यकता पर्दैन । सप्लिमेन्ट प्रयोग गर्नुअघि आफ्नो आहारको समीक्षा गर्नुहोस् र चिकित्सक वा पोषणविद्सँग परामर्श लिनुहोस् ।

सप्लिमेन्टले कहिलेकाहीं समस्यालाई लुकाउन सक्छ, तर दीर्घकालीन स्वास्थ्यको समाधान तपाईंको थालीमै लुकेको हुन्छ । तपाईंको घरको तातो भोजन नै तपाईंको उत्तम औषधि बन्न सक्छ ।

# सहकारी संस्थाको साधारणसभामा कृषकहरूलाई बोनस वितरण



पाल्पा । डुम्रे दुग्ध कृषि सहकारी संस्था लिमिटेड तिनाउ ६ पाल्पाको ३२औं साधारणसभा सम्पन्न भएको छ । साधारणसभामा सहकारी संस्थाका कृषक लगानीकर्ताहरुलाई लगानीको १५ प्रतिशत लाभान्स वितरण गरेको छ । ४ सय जना कृषकहरुले ५५ हजारदेखि १ हजारसम्म वार्षिक लाभान्स पाएका छन् । साधारणसभामा सहकारीले कृषकहरुलाई फूलमालासहित लाभान्स वितरण गरेको हो ।

डुम्रे दुग्ध कृषि सहकारी संस्थामा ५ सय जना कृषकहरु आबद्ध रहेकोमा १ सय ६४ जना महिला र २ सय २३ जना पुरुष शेयर सदस्यहरु रहेका छन् । संस्थाले गत आर्थिक वर्ष २०८१/०८२ मा ९ लाख ४६ हजार ७ सय ३० लिटर दूधको कारोबार गरेको छ । संस्थाले ३४ करोड १३ लाख ८८ हजार ६ सय ६४ रुपैयाँ बराबरको कारोबार गरेको छ । संस्थामा ५ करोड १९ लाख ५६ हजार ६ सय २० रुपैयाँ संस्थागत पुँजी रहेको छ । संस्थाको जगेडा कोषमा ७८ लाख ५१ हजार ८ सय ८ रुपैयाँ, शेयर पुँजी ५३ लाख १३ हजार १ सय रुपैयाँ र अन्य कोषमा ८ लाख २ हजार ५७ रुपैयाँ रहेको छ ।

संस्थाले पशुपालक कृषकहरुलाई चाहिने घाँसको बिउ, दाना, ब्रान, पशु औषधी, भिटामिन, बिउ बिजनलगायतका सरसामानहरु साथै कृत्रिम गर्भाधान, पशु उपचार जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । संस्थाले कृषक शेयरधनीको गाईभैंसी सुत्केरी हुँदा पशु सुत्केरी पोषण बापत प्रति पशु १ हजार २ सय रुपैयाँ वितरण गर्दै आएको छ । शेयर सदस्यले नयाँ गाईभैंसी खरिद गर्दा निःशुल्क रुपमा ढुवानी सेवा दिँदै आएको छ ।

संस्थाले कृषकहरुबाट संकलन हुँदै आएको दूध बिक्रीको लागि तानसेन बजारमा १ वटा मिशन, १ वटा डेरी र डुम्रेमा एग्रोभेट पसल सञ्चालन गरी सेवा प्रदान गरेको छ । वर्षायाममा अत्याधिक दूध उत्पादन हुने भएकोले विभिन्न डेरीहरुलाई उधारोमा बिक्री बन्द गरेर संस्थाले आगामी दिनमा बुटवलमा एक वटा डेरी राजमार्ग क्षेत्रमा मिठाई, चिया तथा लस्सी एवं दूधजन्य परिकार बिक्री गर्ने पसल सञ्चालन गर्ने, छुर्पी उत्पादन गर्ने तथा दूधका परिकारलाई विविधिकरण गर्ने सहकारीले साधारणसभामा जानकारी दिएको छ ।

संस्थाले मुक्तिनाथ विकास बैंकबाट २ करोड रुपैयाँ ऋण लिएर कृषकहरुलाई सहुलियत दरमा लगानी गर्दै आएको छ । संस्थामा आबद्ध कृषकहरुको ४ लाख ४ हजार ७ सय २० रुपैयाँ बराबरको निःशुल्क पशु बिमा गरेको छ । जसबाट कृषकहरुले वार्षिक ४० लाख रुपैयाँभन्दा बढीको क्षतिपूर्ति पाएका छन् । हेफर नेपालको सहकार्यमा दैनिक ३५ लिटरसम्म दूध दिने गाईको सिमेन कोरियाबाट ल्याई पाल्पाका गाईबाट १० वटा बाच्छी उत्पादन भइसकेकोले संस्थामा आबद्ध कृषकहरुको गाईमा नश्ल सुधार गर्दै जाने सहकारीले जनाएको छ । संस्थामा आबद्ध कृषकहरुका उन्नत नश्लका गाईहरु मिल्क फिबर रोगबाट मृत्यु हुने गरेकोले किसानको घाटालाई कम गर्न चालु आर्थिक वर्षमा काउ लिफ्ट खरिद गरी समस्या समाधान गर्ने जनाएको छ ।

संस्थाले दैनिक ३ हजारदेखि ४ हजार लिटरसम्म दूध खरिद बिक्री गर्दै आएको छ । संस्थाले कृषकका १६ जना छोरा छोरीहरुलाई प्रत्यक्ष रुपमा रोजगारी प्रदान गरेको छ । संस्थामा आबद्ध भएका दुग्ध कृषकहरुले राम्रो मूल्य पाएको, सरकारले वितरण गर्ने अनुदानदेखि संस्थाले कमाउने मुनाफामा समेत पाउने भएकोले तानसेन, रिब्दीकोट, तिनाउ, माथागढी, बगनासकालीलगायतका कृषकहरुलाई संस्थामा आबद्ध हुन सहकारी अध्यक्ष दुर्गाबहादुर खाँण ठकुरीले अनुरोध गरे ।

डुम्रे दुग्ध कृषि सहकारी संस्था नेपालकै नमूना कृषि सहकारी संस्था भएको, यसको उत्पादन तथा गुणस्तर नेपालमै नमूना रहेको साधारणसभामा तिनाउ गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष टोमबहादुर पुनले बताए । गाउँपालिकाले डुम्रे दुग्ध कृषिमा आबद्ध भएका कृषकहरुको लागि ५ लाख ९८ हजार रुपैयाँ अनुदानमा आधारित प्रोत्साहन रकम प्रदान गरेको वडा अध्यक्ष पुनले बताए । सहकारीले स्वदेशमै पशु तथा कृषिमार्फत् रोजगारी बढाउन, आयआर्जन गराउन ठुलो सहयोग पुगेको उनले बताए ।

साधारणसभामा जिल्ला दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष रामजी घिमिरे, शेयर सदस्यहरु राम प्रसाद पोखरेल, सिता जिसीलगायतले सहकारीको योगदानको चर्चा गर्दै आगामी दिनमा क्षेत्र विस्तारको साथै दूधको विविधिकरण गरी, गुणस्तरी उत्पादनमा ध्यान दिँदै देशकै नमूना दुग्ध उत्पादक सहकारी संस्था बनाउनु पर्नेमा जोड दिए ।

कार्यक्रममा संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक धनबहादुर कार्कीले ३४ करोड बराबरको आय व्यय सार्वजनिक गर्दै संस्थाको खुद नाफा ९ लाख रुपैयाँ रहेको जानकारी दिए । साथै संयोजक कार्कीले संस्थाका राम्रा तथा आगामी दिनमा सुधार गर्नुपर्ने कुराहरु समेत लिलित रुपमा जानकारी गराएका थिए । संस्थाका अध्यक्ष दुर्गाबहादुर खाँण ठकुरीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत उपाध्यक्ष शंकरप्रसाद भण्डारीको रहेको थियो भने व्यवस्थापक गोपाल जिसीको सञ्चालनमा भएको थियो ।

# रक्तदान कार्यक्रम सम्पन्न



देवदह । रुपन्देहीको देवदह-५, प्रगतिबजारमा वृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ । प्रगति युवा क्लब देवदह-५, को आयोजना, नेपाल नियमित रक्तदाता संघ, प्रगति टोल विकास संस्था, कोलुवा-शान्तिटोल विकास संस्था, शिवशक्ति धाम मन्दिर, देवदह प्रेस क्लवको सहयोगमा रक्तदान गरिएको हो ।

नेपाल रेडक्रस सोसाइटी भैरहवा ब्लड बैंकको प्राविधिक सहयोग रहेको कार्यक्रममा ४० पिन्ट रगत संकलन भएको प्रगति युवा क्लबका अध्यक्ष गोपालमान तमुले जानकारी दिए । क्लबले सामाजिक क्रियाकलापअन्तर्गत रगतको अभावमा कसैको पनि ज्यान जान नपरोस् भनेर क्लबले रक्तदान कार्यक्रमको आयोजना गरेको क्बलले जनाएको छ ।

रगतको अभाव हुन नदिनको लागि बेला बेलामा रक्तदान कार्यक्रम गर्नुपर्ने सो अवसरमा बोल्ने वक्ताहरुले बताएका थिए । उनीहरुले देवदहलाई रगतको हवको रुपमा विकास गर्न रक्तदान कार्यक्रमले सहयोग पुर्‍याउनेमा जोड दिएका थिए ।

क्लबका अध्यक्ष तमुको अध्यक्षतामा भएको कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष दिनेशकुमार विक, नेपाल नियमित रक्तदाता संघका केन्द्रिय उपाध्यक्ष लेखनाथ भण्डारीलगायतले आ-आफ्ना भनाइ राखेका थिए । क्लबका उपाध्यक्ष सन्दिप भुजेलको स्वागत र सचिव मोहनीलाल तिवारीको सञ्चालनमा भएको कार्यक्रममा क्लबका संस्थापक पदाधिकारी, पूर्व अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि, युवाहरुको सहभागिता रहेको थियो ।


## Division Forest Office, Palpa

## Invitation for Online Bids

Date of Publication: 2082/06/26 (12,Oct,2025)

Division Forest Office, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under Sealed Quotation system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**Bank details for Bid Document (If Cash deposit) :Rastriya Banijya Bank, Palpa**

**Revenue Code Number .: 14229** **Office Code No : 3290150015**

**Bank details for Bid security ( If Cash deposit) :Rastriya Banijya Bank, Palpa**

**Dharauti Khata A/C no.3030100202030000 Pradesh Ko.Le.Ni.Ka, Palpa** **Bid Validity Period: 45 days**

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| DFO/PLP/W/SQ/01/082-083 | Nirmit Karyalayako Bhavana ko Smrachnatmak Sudhar | 980164.81 | 1000.00 | 24000.00 | 2082/07/13 12.00 Pm (Oct,30,2025) | |

Senior Divisional Forest Officer

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

सुमेधा सप्लायर्सले चिनबाट पैठारी गरेको निम्न वस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| माल वस्तुको विवरण | आकार/प्रकार | ब्रान्ड | मोडल | क्षमता | उत्पतिको मुलुक | इकाई | प्रति इकाई मुल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| Conditioner | Domestic | Audee | GSA-12AD-W | 12000BTU | China | Pcs | 55020.14 | 56,000.00 | |
| Washing Machine Front Loading | Domestic | Audee | AUD-WM08A | 8 KG | China | Pcs | 46,022.97 | 47,000.00 | |

विक्रेता नामःसुमेधा सप्लायर्स — एक्जीम कोड नंः ६०४०९७६८००११३

ठेगाना : काठमाडौं- ३२ — फोन नंः ०१-५४५५८५३


# बाँकेमा ४१५ नयाँ मतदाता थपिए, नाम दर्ता गराउनेमा अधिकांश युवा



नेपालगञ्ज । बाँकेमा ४१५ जना नयाँ मतदाता थपिएका छन् । जिल्ला निर्वाचन कार्यालय, बाँकेले विशेष मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्य सुरु गरेपछि ती मतदाता थपिएका हुन् ।

विशेष मतदाता नामावली सङ्कलन सुरु भएपछि असोज महिनाको एक साताको अवधिमा मात्रै ४१५ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको जिल्ला निर्वाचन अधिकारी टेकबहादुर शाहीले जानकारी दिए ।

उनले अहिले मतदाता नामावलीमा नाम दर्ता गराउनेमा अधिकांश युवा पुस्ता भएको जानकारी दिँदै ३५ वर्ष कम उमेर समूहका बढी भएको बताए । "मतदाता नामावली सङ्कलन दैनिकजसो बढ्दै गएको देखिएको छ ।"-उनले भने ।

जिल्ला निर्वाचन कार्यालय, नेपालगञ्ज, बाँकेले असोज ६ गतेदेखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नका लागि स्थानीय तहलगायतका सम्बन्धित स्थानमा सूचना जारी गरी पत्राचार गरेको थियो । जिल्ला निर्वाचन कार्यालयले मतदाता नामावली दर्ताका लागि आवश्यक कागजात नेपाली नागरिकताको प्रमाणपत्र, विवाह भई आएमा विवाहको प्रमाणपत्र, बाहिरी जिल्लाकालाई समेत कागजातका आधारमा दर्ता गर्न सकिने भनेर स्थानीय तहलाई आग्रह गरेको थियो ।

मतदाता नामावली अद्यावधिका लागि अनलाइनमार्फत् निवेदन आइरहेको उल्लेख गर्दै निर्वाचन अधिकारी शाहीले बाँकेमा तीन लाख ३३ हजार ९३४ मतदाता रहेको बताए । सो मतदातामध्ये एक लाख ६९ हजार ८७६ पुरुष, एक लाख ६४ हजार ४९ महिला र नौ जना अन्य मतदाता छन् ।

विगतमा हुने मतदाता नामावली सङ्कलनभन्दा केही फरक ढङ्गले मतदाता नामावली सङ्कलन भएको उल्लेख गर्दै शाहीले यस पटकको मतदाता नामावली विशेष मतदाता नामावली सङ्कलन रहेको जनाए ।

नयाँ नाम दर्तासँगै अद्यावधिक गर्ने, त्रुटि सच्चाउने, स्थान स्थानान्तरणलगायतका काम अनलाइनमार्फत् पनि भइरहेको जानकारी दिँदै उनले असोज महिनाको एक साताका अवधिमा ४० जनाको अद्यावधिक गर्ने तथा त्रुटि सच्चाउने काम भएको र १७ जनाको ठाउँ सारिएको उल्लेख गरे ।

"मतदाता नामावलीमा नाम सच्चाउन अनलाइनमार्फत् माग आउँछ र हामीलाई त्यसलाई अद्यावधिक गर्दै गइरहेका छौं ।"-उनले भने । मतदाता नामावलीमा नाम दर्ता गराउनेमा नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकाको अधिकांश रहेका छन् ।


**Kaligandaki Rural Municipality**

## Office of Rural Municipal Executive

Purtighat, Gulmi

## Invitation for Online Bids

Date of publication: 12 October 2025(2082-06-26)

1. Kaligandaki Rural Municipality invites electronic bids from eligible bidders for the below mentioned workunder National Competitive Bidding Procedures.The details of the project is as follows:

| S.N | Contract No. | Contract Name | Bid Security Amount(Nrs) | Cost of Bid Document(Nrs) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | KRM/SQ/GOODS/2082/2083/01 | Supply and Delivery of medicines and Surgical Equipment | 90000.00 | 1000.00 | 28-10-2025 12:00 PM | 28-10-2025 14:00 PM |
| 2 | KRM/SQ/GOODS/2082/2083/02 | Supply and Delivery of Ayured Medicines | 30000.00 | 1000.00 | 28-10-2025 12:00PM | 28-10-2025 14:00 PM |

2. Bidders can get further information from office of Kaligandaki Rural Municipality, Purtighat, Gulmi, Fascaline No.9857067925/9857089605,websitehttps://kaligandakimungulmi.gov.np/orvisitPPMO'swebsite:www.bolpatra.gov.np/egp.
3. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Kaligandaki Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**बदाम भुट्दै युवा :** मौसम चिसिदै गर्दा माग बढ्दै जाने भएकोले ठूलो परिणाममा बदाम भट्टीमा राखेर भुट्ने गर्छन् । परम्परागत शैलीभन्दा प्रविधिलाई जोडेर मायादेवी ७ वनगाईमा रहेको जयप्रकाश राजभरले पिसानी, कुटानी, पेलानीको कामसँगै १० वर्षदेखि यो काम गर्दै आएका छन् । तस्विरः मोहम्मद हबिब

# विजयफूलबारीको चौथो वार्षिक साधारणसभा सम्पन्न



प्यूठान । विजयफूलबारी बचत तथा ऋण सहकारी संस्थाको चौथो वार्षिक साधारणसभा सम्पन्न भएको छ । संस्थाको सात वटा इलाकामा एकै पटक साधारणसभा सम्पन्न भएको हो ।

मुख्य कार्यालय जुम्री, शारदा मा.वि.साम्पडाँडा, बालमन्दिर आधारभूत विद्यालय विजयनगर, जिल्ला समन्वय समितिको सभाहल खलंगा, भुवनेश्वरी मा.वि. खैरा, माण्डवी मा.वि नयाँगाउँ र बाल उद्यान पार्क कैरनमा साधारणसभा गरेको संस्थाका व्यवस्थापक प्रकाश वैद्यले जानकारी दिए ।

संस्थामा हाल ५ हजार ८ सय ५२ जना शेयर सदस्यहरु रहेका छन् भने शेयर पुँजी २ करोड ४५ लाख ७३ हजार पुगेको छ । त्यस्तै विभिन्न १० प्रकारका बचत खाताहरुबाट कारोबार सञ्चालन भई २३ करोड १९ लाख ५२ हजार ५ सय ८८ पुगेको प्रतिवेदनमा उल्लेख छ । संस्थाले २ हजार ९५ जना सदस्यहरुलाई १८ करोड २९ लाख ५ हजार ६८ रुपैयाँ ऋण लगानी गरेको छ । साथै २ करोड ५ लाख ६८ हजार ८ सय ५६ रुपैयाँ जगेडा कोष रहेको छ भने संस्था कुल सम्पत्ति २८ करोड ३६ लाख ८६ हजार ४ रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

संस्थाले भैपरि आउने जोखिमलाई मध्यनजर गरी सम्पूर्ण सदस्यको रु १ लाख बिमांकको दुर्घटना बिमा गरिएको छ । त्यस्तै सुत्केरी भेटघाट खर्च तथा सदस्य राहत कोष, सहकारी रेडियो कार्यक्रम, तिज विशेष कार्यक्रम, क्षमता विकास कार्यक्रम, रक्तदान कार्यक्रमलगायतका प्रभावकारी एवं सदस्य केन्द्रित कार्यक्रमहरु गर्दै आएको छ ।

साधारणसभामा वार्षिक प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, लेखा सुपरिवेक्षण प्रतिवेदन र ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत समेत गरेको थियो । आगामी सोमबार सबै सेवा केन्द्रबाट प्रतिनिधित्व हुने गरी संस्थाको मुख्य कार्यालय जुम्रीको सभाहलमा साधारणसभाको निर्णय प्रमाणित सभा गरिने भएको छ ।

# लुम्बिनीमा बहुवर्षीय, समपूरक र मर्मत बाहेकका योजना र कार्यक्रमको २० प्रतिशत बजेट कटौती गर्ने निर्णय

दाङ । लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षको विनियोजित बजेटमा बहुवर्षीय, समपूरक र मर्मत बाहेकका योजना र कार्यक्रमको २० प्रतिशत बजेट कटौती गर्ने निर्णय गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा शनिबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश सरकारको योजना तथा कार्यक्रममा विनियोजन भएको रकमको ८० प्रतिशतलाई अधिकतम सीमा मानी योजना, कार्यक्रम कार्यान्वयनमा लैजान र मितव्ययिता अपनाउन मातहतका निकायहरुलाई निर्देशन दिने निर्णय गरेको हो । देशको वर्तमान आर्थिक अवस्था र स्रोत संकुचनको सम्भावित अवस्थालाई मध्यनजर गर्दै बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त मार्गदर्शन र नेपाल सरकारका निर्देशनका अतिरिक्त खर्च व्यवस्थापनमा थप व्यवस्था मिलाउने निर्णय गरेको छ ।

बैठकले चालु आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने बजेटका क्रममा दोहोरो प्रविष्टि भएका आयोजना, कार्यक्रम तथा क्रियाकलापमध्ये एउटा मात्र कार्यान्वयन गरी बाँकी रोक्का गर्न र विभिन्न शीर्षकमा २० प्रतिशत रकम रोक्का गर्न निर्देशन दिएको छ ।

पुँजीगत खर्च शीर्षकमा समपुरक अनुदानबाट सञ्चालित आयोजना, बहुवर्षीय आयोजना र सडकतर्फको नियमित मर्मत सम्भार शीर्षकबाहेकका आयोजनामा विनियोजित बजेटको २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको छ । त्यस्तै, चालु खर्च शीर्षकमा अनुगमन तथा मूल्याङ्कन खर्च, कार्यक्रम खर्च, मसलन्द तथा कार्यालय सञ्चालन खर्च, विविध कार्यक्रम खर्च, सीप विकास तथा जनचेतना, तालिम तथा गोष्ठीसम्बन्धी खर्च र सेवा परामर्श खर्च शीर्षकमा विनियोजित बजेटको २० प्रतिशत रकम रोक्का गर्ने निर्णय गरिएको छ ।

लुम्बिनी प्रदेश सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीका अनुसार मन्त्रिपरिषद्को बैठकले जेनजी युवाहरूको भावना र मर्मलाई आत्मसात गर्दै प्रदेशमा सुशासन प्रवर्धन गर्न नीतिगत, कानुनी तथा अन्य सुधारका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रमुख सचिवको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गर्ने निर्णय पनि गरेको छ ।

बैठकले लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक स्वीकृत गर्ने, जीवनाशक विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक प्रदेशसभामा पेस गर्न स्वीकृति दिने, अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम कार्यविधि पारित गर्ने र प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति छैटौं संशोधन नियमावली २०८२ स्वीकृत गर्ने निर्णय गरेको छ ।

बुटवल उद्योग वाणिज्य संघ, रूपन्देहीको

७२औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

संघको ७२औं वार्षिक साधारण सभा २०८२ असोज २७ गते संघको सभाहलमा सम्पन्न हुन गइरहेको जानकारी गराउँदछौं । अतः उक्त वार्षिक साधारणसभाको निमन्त्रण यहाँहरुको व्यवसाय स्थलसम्म वितरण भएकोमा कथनकदाचित निमन्त्रणा प्राप्त नभएमा यसै सूचनाको आधारमा उपस्थित भई सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

बुटवल उद्योग वाणिज्य संघ, रूपन्देही
बुटवल -६, चेम्बर मार्ग सुन्दर नगर
फोन नं. ०७१-५३१३४६, ५३४७४६
इमेल : butwalcci@gmail.com

# सहकारी ठगी आरोपी मेयर नेपालीविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा

बुटवल । सहकारी ठगी अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका बाग्लुङको ढोरपाटन नगरपालिकाका मेयर देवकुमार नेपालीविरुद्ध सरकारले सम्पत्ति शुद्धीकरणको मुद्दा चलाएको छ ।

बाग्लुङको जिल्ला सरकारी वकिलको कार्यालयले नेपालीविरुद्ध एक अर्ब ५८ करोड रुपैयाँ बिगो मागदावीसहित मुद्दा दायर गरेको हो । उनीमाथि बाग्लुङको इमेज सहकारी संस्थाको रकम हिनामिना गरी गैरकानुनी सम्पत्ति कमाएको आरोप छ ।

पहिले सहकारी ठगीमा मात्र मुद्दा दर्ता गरिएका नेपालीलाई बिहीबार सम्पत्ति शुद्धीकरण मुद्दा पनि दर्ता गरिएको सरकारी वकिल कार्यालय बागलुङका जिल्ला न्यायाधिवक्ता पूर्णप्रसाद शर्माले जानकारी दिए । 'यसअघि सहकारी ठगीमा अभियोजन दर्ता भएकोमा सम्पत्ति शुद्धीकरण विभागको प्रतिवेदनका आधारमा थप मुद्दा चलाइएको हो ।'-शर्माले भने ।

सहकारी ठगी छानबिन प्रतिवेदन र प्रहरीले सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराध गरी वटै मुद्दा चलाउन सिफारिस गरिएको भएपनि यसअघि सहकारी ठगीमा मात्र मुद्दा दर्ता गरिएको थियो । एमालेबाट ढोरपाटन नगरपालिकामा दोस्रो पटक मेयर पदमा विजयी नेपालीलाई केपी ओली सरकारले सम्पति शुद्धीकरण मुद्दा नलगाएर जोगाउन खोजेको आरोप थियो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले करिव तीन अर्ब बिगोसहितको फाइल पेश गरे पनि जिल्ला सरकारी वकिलको कार्यालय, बाग्लुङले एक अर्ब ५८ करोड रुपैयाँ मात्रै बिगो मागदाबीसहित मुद्दा चलाएको हो । यो अवधिमा मिलापत्र भएको रकम घटाएको स्रोतले बताएको छ ।

नेपालीमाथि यसअघि सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराध गरी तीन आरोपमा अनुसन्धान भएको थियो । तर तत्कालीन सरकारको पालामा उनीमाथि सहकारी ठगीको आरोपमा मात्र मुद्दा दायर भएको थियो ।

'एमाले नेताहरुले देवकुमार नेपाली हाम्रो मान्छे हुन्, उनलाई अप्ठेरो पार्ने काम गर्न हुँदैन भनेर दबाब दिए, तत्कालीन महान्यायाधिवक्ता रमेश बडालले फाइल बढ्नै दिएनन्,' जिल्ला सरकारी वकिलको कार्यालय बाग्लुङसम्बद्ध स्रोत भन्छ-'बडालको हस्तक्षेपका कारण डेढ वर्षदेखि फाइल रोकेर राख्नुपरेको थियो, अहिले बल्ल नयाँ महान्यायाधिवक्ताले चासो राखेपछि सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको हो ।'

माओवादी छाडेर एमालेमा प्रवेश गरेका देवकुमार नेपाली अहिले बाग्लुङको ढोरपाटन नगरपालिकाका मेयर हुन् । पोखराको सूर्यदर्शन सहकारीको नेतृत्व गर्न नपाएपछि उनले बाग्लुङमा २०६८ सालमा इमेज सहकारी स्थापना गरेका थिए ।

असार २०८० मा बाग्लुङको इमेज सहकारी ठगी मुद्दा दायर भएको थियो । केपी ओली प्रधानमन्त्री बनेको केही महिनापछि सहजीकरणको तारतम्य मिलाएर डेढ वर्षदेखि फरार देवकुमार नेपाल फर्किन लागेका थिए । नेपाल आउने क्रममा ११ असोज, २०८१ मा उनी भारतमा पक्राउ परेका थिए । त्यसपछि नेपाल ल्याइएका उनी अदालतमा पेश भएपछि पुर्पक्षका लागि थुनामा गएका थिए ।

उनीमाथि सहकारी ठगीको मुद्दा चल्दा नै जेठ, २०८१ मा सम्पत्ति शुद्धीकरणको मुद्दा सरकारी वकिलको कार्यालयमा पेश भएको थियो । त्यहाँका प्रमुख समेत रहेका उपन्यायाधिवक्ता स्वतन्त्र न्यौपानेले मिलापत्रको सम्भावना रहेको विषयमा संगठित अपराधको मुद्दा समेत नचलाएको भन्दै सम्पत्ति शुद्धीकरणको फाइल रोकेको आरोप छ ।

पछि सोधपछि हुन थालेपछि 'महान्यायाधिवक्ताले सोझै चासो राखेको फाइल उहाँको निर्देशनविना अघि बढाउन सक्दिनँ' भनी जवाफ दिएको स्रोतले बताएको छ । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले यसअघि नै नेपालीलगायत १७ जनामाथि सम्पत्ति शुद्धीकरणलगायतमा मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन तयार गरेको थियो ।

जेनजी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारमा वरिष्ठ अधिवक्ता सविता भण्डारी बराल महान्यायाधिवक्ता बनेकी छन् । उनले ब्रिफिङ लिने क्रममा केही सरकारी वकिलहरुले बाग्लुङको सरकारी वकिलको कार्यालयमा रहेको त्यो फाइलबारे अवगत गराएका थिए । त्यसपछि उनले 'जे गर्नुपर्ने हो, फाइलमाथि छिटो निर्णय गर्नु' भनेर निर्देशन दिएपछि मुद्दा दायर भएको स्रोत बताउँछ ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# तेस्रो ज्योतिपुञ्ज कप फुटबल आजदेखि



**बासुदेव ढकाल**
*रामपुर पाल्पा*

'फुटबल खेल मैदान निर्माण अभियान, रामपुरको गौरवमा तपाईंको योगदान' भन्ने नारासहित तेस्रो वाई वाई ज्योतिपुञ्ज कप २०८२ आजदेखि कार्तिक ३ गतेसम्म सञ्चालन हुने भएको छ ।

कार्यक्रममा ज्योतिपुञ्ज युवा क्लबका अध्यक्ष सुन्दर रानाले रामपुरलाई फुटबल खेलको हवका रूपमा विकास गरी खेलका माध्यमबाट पर्यटन विकासमा टेवा पुऱ्याउन तेस्रो संकरणका रूपमा तेस्रो वाईवाई कप फुटबल प्रतियोगिता २०८२ आयोजना गर्न लागिएको जानकारी गराए । उनले विगत पहिलो र दोस्रो संस्करण भव्य रूपमा सम्पन्न भएको र त्यसबाट प्राप्त अनुभवले तेस्रो वाईवाई ज्योतिपुञ्ज फुटबल कप प्रतियोगिता २०८२ थप व्यवस्थित हुने आशा लिइएको पनि बताए ।

क्लबका निवर्तमान अध्यक्ष एवं आर्थिक समिति संयोजक सुदिप गौतमले व्यवस्थित रंगाशाला निर्माणका लागि रामपुर नगरपालिका र प्रदेश सरकारले सहयोग गर्ने हौसालाले लागत जनसहभागिता सहयोग जुटाउन यस प्रतियोगिताले सहयोग पुग्ने आयोजकले अपेक्षा गरेको र ३० लाख खर्चको अनुमान गरेको जानकारी दिए ।

खेल दर्शकको लागि सेमिफाइनलसम्म सामान्य टिकट रु ५०। र फाइनल टिकट रु १००। हुने, १० वर्ष मुनीका बालबालिका, जेष्ठ नागरिक, अशक्त अपांगलाई प्रवेश निःशुल्क रहनेछ ।

खेल संयोजक अनिल शाहीले भने-'खेलमा प्रथम पुरस्कार नगद ३ लाख ५० हजार, ट्रफि, मेडल र प्रमाण पत्र, द्वितीय पुरस्कार २ लाख ट्रफि मेडल र प्रमाण पत्र प्रदान गरिनेछ ।

सप्ताह व्यापी हुने प्रतियोगितामा युनाइटेड युथ क्लब गिरूवारी रूपन्देही, सम्पूर्ण युथ क्लब तिलोत्तमा रूपन्देही, अभिशेख चर्च रजहर नवलपुर, न्यू युथ युनियन क्लब तानसेन पाल्पा, हिमालय सेर्पा क्लब काठमाडौं, ज्योतिपुञ्ज युवा क्लब रामपुर पाल्पा, भैरव स्पोर्टस् क्लब नवलपरासी, सूर्यपूरा एफसी चितवन, होराइजन क्लब वालिङ स्याङ्जा र देवदह ब्वाइज रूपन्देहीको प्रतिस्पर्धा हुनेछ ।'

कार्यक्रममा क्लबका टिम कोच केशव श्रेष्ठ र क्याप्टेन विजय मल्लले रामपुर क्षेत्रबाट आयोजक ज्योतिपुञ्ज क्लब खेलमा सहभागिताको तयारीको बारेमा जानकारी गराएका थिए । खेलको आज आइतबार दिउँसो २ बजे लुम्बिनी प्रदेश अर्थ उद्योग पर्यटन विकास समिति सभापति एवं प्रदेश सांसद राजुप्रसाद श्रेष्ठले उद्घाटन गर्ने छन् ।

# पाल्पा उद्योग वाणिज्य संघको ७१औं साधरणसभा सम्पन्न



पाल्पा । पाल्पा उद्योग वाणिज्य संघको ७१औं साधारणसभा सम्पन्न भएको छ भने १७औं अधिवेशन सुरु भएको छ । साधारणसभाको नेपाल उद्योग वाणिज्य महासंघका एसोसिएट उपाध्यक्ष हेमराज ढकालले शुभारम्भ गरेका हुन् ।

साधारणसभालाई सम्बोधन गर्दै महासंघका उपाध्यक्ष ढकालले निजी क्षेत्रको योगदान बिना नेपालको विकास सम्भव नहुने बताएका छन् ।

हरेक राजनीतिक आन्दोलनको नाउँमा निजी क्षेत्रका व्यवसायीहरु शिकार बन्ने गरेको बताउँदै महासंघका उपाध्यक्ष ढकालले भदौ २३ र २४ मा भएको आन्दोलनबाट निजी क्षेत्र तहस नहस भएको, देशका अधिकांश स्थानका नाम चलेका व्यबसायहरु खरानीमा परिणत भएकोले निजी क्षेत्रको मनोबल कमजोर भएको बताए । निजी क्षेत्रहरुलाई माथी उठाउन सरकारले ठोस कदम चाल्नु पर्नेमा उपाध्यक्ष ढकालले जोड दिए ।

साधारणसभामा सरकारले स्वदेशी व्यवसायीहरुलाई विश्वासमा लिन नसकेमा देशको स्थिति अझै बिग्रदै जाने उद्योगी व्यवसायीहरुले जोड दिएका छन् । पछिल्लो राजनीतिक घटना क्रममा भएको आगजनी, लुटपाटका घटनाले नेपाली व्यवसायीहरुलाई चिन्तित बनाएको र नेपालको लगानी बन्द गरेर विदेशीने खतरा बढ्दै गएको व्यवसायीहरुले बताएका छन् ।

सरकारले आगजनी, लुटपाटमा संलग्नहरुलाई पक्राउ गरी कानुनी कारबाही नभएमा नेपालका सबै व्यवसायी पलायमान हुने अवस्था बढ्दै गएको उद्योगी व्यवसायीहरुले बताएका छन् ।

कार्यक्रममा राष्ट्रियसभा सदस्य राजेन्द्रलक्ष्मी गैरे, संविधानसभा सदस्य नारायणी शर्मा, पूर्व उद्योगमन्त्री सोमप्रसाद पाण्डे, प्रदेशसभा सदस्य वीरबहादुर राना, पूर्व सांसद यादवबहादुर रायमाझी, नेपाल उद्योग वाणिज्य महासंघका कन्द्रीय सदस्य मोहनप्रसाद श्रेष्ठ, तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठ, नेपाली कांग्रेसका उप-सभापति झपेन्द्र गहिरे, नेकपा एमालेका उपाध्यक्ष विमल काफ्ले, नेकपा माओवादी केन्द्रका इन्चार्ज नेत्र पाण्डेलगायतले साधारणसभाको सफलताको कामना गर्दै पाल्पामा चलायमान बनाउन नयाँ किसिमका उद्योग व्यापार व्यवसाय सञ्चालन गर्नुपर्ने, पर्यटन क्षेत्र केन्द्रित व्यवसाय तथा पूर्वाधारका कामहरु बढाउनु पर्ने विषयमा जोड दिएका थिए । साधारणसभामा महासचिव समिरमान सिंहले संघको वार्षिक प्रतिवेदन पेश गरेका थिए ।

कार्यक्रममा विभिन्न अक्षयकोषदाता तथा विभिन्न छात्रवृत्ति प्राप्त कर्ताहरुलाई सम्मान गरिएको थियो । संघका अध्यक्ष शैलेन्द्र भट्टराईको अध्यक्षतामा भएको साधारणसभाको सञ्चालन महासचिव समिरमान सिंहले गरेका थिए । १७औं अधिवेशनबाट पाल्पा उद्योग वाणिज्य संघमा नयाँ नेतृत्व निर्वाचन गरिने छ ।




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com